नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

१५ चैत २०७८

# अन्तरपार्टी निर्देशन–३

**प्रिय कमरेडहरू,**

नेकपा (एमाले) केन्द्रीय कमिटीको तेस्रो बैठक यही २०७८ चैत ९ र १० गते सफलतापूर्वक सम्पन्न भएको छ । पार्टी पोलिटब्युरोको पहिलो बैठक (चैत ७ गते) र केन्द्रीय सचिवालयको छैटौं बैठक (चैत १ गते) बसेर केन्द्रीय कमिटीको बैठकका कार्यसूची तथा प्रस्तावको तयारी समेत गरेको हुनाले बैठक व्यवस्थित, छरितो र निर्धारित समयमै सम्पन्न गर्न सहज भयो । बैठकमा प्रदेश कमिटीका अध्यक्षहरूका तर्फबाट सातवटै प्रदेशको सङ्गठनात्मक अवस्था, शक्ति सन्तुलन, पार्टी प्रवेश, प्रशिक्षण र स्थानीय निर्वाचनको तयारीमा केन्द्रित रहेर रिपोर्टिङ गरिएको थियो भने महासचिवले जनसङ्गठन, विभाग, प्रवाससहित समग्र पार्टी कामको बारेमा बैठक समक्ष रिपोर्टिङ गर्नुभएको थियो । रिपोर्टिङबाट यावत् चुनौती, घेराबन्दी र भ्रामक प्रचारका बाबजुद् पार्टी आधारभूत तहमा सुदृढ रहेको, पार्टीप्रति जनाकर्षण बलियो रहेको र अधिकांश स्थानमा पार्टी पहिलो शक्तिका रूपमा रहेको निष्कर्ष निकालिएको छ । बैठकले वर्तमान राजनीतिक स्थितिको गम्भीर विश्लेषण गरेको छ । बैठकबाट स्थानीय निर्वाचनको तयारीका विविध पक्षमाथि विमर्श गर्दै आवश्यक निर्णय गरिएको छ भने पार्टीको आन्तरिक जीवनसँग सम्बन्धित विभिन्न विषयमा पनि महत्वपूर्ण निर्णय गरिएको छ । स्थानीय तहको निर्वाचनमा नेकपा (एमाले) विरूद्धको मोर्चाबन्दीलाई चिर्दै निर्वाचनमा पार्टीको विजय सुनिश्चित गर्नुपर्ने अपरिहार्यताका बीचमा बसेको बैठकले गरेका यी निर्णयको विशेष महत्व छ । तसर्थ केन्द्रीय कमिटीको तेस्रो बैठक तथा केन्द्रीय सचिवालयका विभिन्न बैठकका निर्णयहरूलाई जानकारी तथा कार्यान्वयनका लागि यो अन्तरपार्टी निर्देशन जारी गरिएको छ ।

## १. राजनीतिक प्रतिवेदन

पार्टी बैठकले पार्टी अध्यक्षका तर्फबाट प्रस्तुत गरिएको राजनीतिक प्रतिवेदनलाई पारित गरेको छ । प्रतिवेदनमा विगत केही समय यता पार्टीमा सङ्गठनात्मक गतिशीलता, सक्रियता र सुदृढीकरणको नयाँ ऊर्जा उत्पन्न भएको समीक्षा गर्दै यसक्रममा देखापरेका कमीहरूलाई सच्याउनुपर्ने आवश्यकता औंल्याइएको छ । पार्टीप्रति बढेको व्यापक जनाकर्षण र पार्टी प्रवेशको लहरलाई विश्लेषण गर्दै यसले कतिपय प्रदेशको शक्ति सन्तुलन नै बदलिन थालेको निष्कर्षका साथ यसलाई निरन्तरता दिनुपर्ने र पार्टीमा प्रवेश गरेका साथीहरूको सङ्गठनात्मक व्यवस्थापन र वैचारिक प्रशिक्षणमा विशेष ध्यान दिनुपर्ने खाँचोमा जोड दिइएको छ । गत फागुन १ देखि १६ गतेसम्म सञ्चालित प्रदेशस्तरका प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमबाट पार्टीको अगुवा पङ्क्तिलाई महाधिवेशनका निष्कर्षहरू तथा स्थानीय तहको निर्वाचनको तयारीका अभिभाराबारे प्रशिक्षित तथा अभिमुखीकरण गर्न सकिएको निचोड निकाल्दै प्रतिवेदनमा वैचारिक काम र प्रशिक्षणलाई आगामी दिनमा अझ नियमित र व्यवस्थित गर्न आवश्यक रहेको उल्लेख

गरिएको छ ।

पार्टीको निरन्तर दबाबका कारण सरकार स्थानीय तह निर्वाचनको मिति घोषणा गर्न बाध्य भएको चर्चा गर्दै प्रतिवेदनले निर्वाचनलाई निष्पक्ष, भयरहित र धाँधलीरहित वातावरणमा सम्पन्न गर्न निरन्तर चनाखो रहनु र दबाब सिर्जना गरिरहनुपर्ने आवश्यकता उल्लेख गरेको छ । यस निर्वाचनलाई सामान्य या नियमित निर्वाचनका रूपमा नलिन, जनादेशका पक्षधर र परमादेश र पश्चगमनका पक्षधरबीचको सङ्घर्षका रूपमा लिँदै पार्टीको जीत सुनिश्चित गर्न प्रतिवेदनले पार्टी पङ्क्तिलाई दिशा निर्देशित गरेको छ । प्रतिवेदनमा पार्टीको विजयका आधार, उम्मेदवारको मापदण्ड र सिफारिस तथा निर्णय प्रक्रियाका बारेमा स्पष्ट पारिएको छ ।

प्रतिवेदनमा गठबन्धन सरकारका आठ महिनाको सङ्क्षिप्त चिरफार गर्दै यस अवधिमा राज्यका सबै अङ्गहरू सङ्कटग्रस्त बन्दै गएको, संविधान र लोकतन्त्रमाथि निरन्तर प्रहार भएको, अर्थतन्त्र गम्भीर सङ्कटतर्फ धकेलिंदै गएको, मूल्यबृद्धि र साधनस्रोतको दोहनका कारण जनतामाथि मार परिरहेको, मुलुकको बाह्य सम्बन्धमा गम्भीर असन्तुलन र विचलन देखापरेको, एमसीसीका प्रसङ्गमा प्रचण्ड–माधव नेपालहरूको अवसरवाद, राष्ट्रिय प्रश्नहरूमा संवेदनहीनता र सत्तालिप्सा उदाङ्गो भएको र यी सबैको परिप्रेक्ष्यमा पार्टीको काँधमा लोकतन्त्रको रक्षा, राष्ट्रिय हितको संरक्षण एवं सामाजिक–आर्थिक रूपान्तरणको गतिमा खडा गरिएका अवरोधहरू चिर्ने गम्भीर अभिभारा थपिएको स्पष्ट पारिएको छ । प्रतिवेदनले यतिबेलाको कामको केन्द्रबिन्दू स्थानीय तहको निर्वाचनको तयारी र यसमा पार्टीको विजय सुनिश्चित गर्नु रहेकोले सिङ्गो पङ्क्तिलाई त्यसमा केन्द्रित हुन आह्वान गरिएको छ ।

प्रतिवेदनको पूर्ण पाठ यसैसँग सङ्लग्न गरिएको छ । यसको गम्भीरतापूर्वक अध्ययन र मनन गर्नुहुन तथा यसका आवश्यक विषय कार्यान्वयन गर्नुहुन निर्देशित गरिएको छ ।

## २. स्थानीय तहको निर्वाचनको सिफारिस प्रक्रिया र मापदण्ड

**क) सिफारिस प्रक्रिया** : स्थानीय तहको निर्वाचनको सन्दर्भमा विगतमा सम्बन्धित तहको पार्टी कमिटीले सिफारिस गर्ने र त्योभन्दा माथिल्लो तहको कमिटीले निर्णय गर्ने विधि अपनाइएको थियो । विगतका यिनै अनुभवमाथि आधारित रहेर उम्मेदवारको सिफारिसका सन्दर्भमा देहायको विधि अवलम्बन गर्ने–

— महानगर र उपमहानगरपालिकाको प्रमुख तथा उपप्रमुखको सिफारिस सम्बन्धित महानगर र उपमहानगर कमिटीले गर्ने । उक्त सिफारिसमा सम्बन्धित जिल्ला कमिटी र प्रदेश कमिटीले आफ्नो अन्य राय भए सोसमेत उल्लेख गरेर सिफारिस गर्ने र यस सम्बन्धी निर्णय केन्द्रले गर्ने,

— गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षहरूको

सिफारिस सम्बन्धित पालिका कमिटीले गर्ने । उक्त सिफारिसमा सम्बन्धित जिल्ला कमिटीको आफ्नो अन्य राय भए सोसमेत उल्लेख गरेर सिफारिस गर्ने र यससम्बन्धी निर्णय प्रदेश कमिटीले गर्ने,

— महानगर र उपमहानगर पालिकाका वडाध्यक्ष र सदस्यहरूका उम्मेदवारको लागि सिफारिस सम्बन्धित वडा र पालिकाले गर्ने, त्यसमा जिल्ला कमिटीको अन्य राय भए उल्लेख गरेर सिफारिस गर्ने र यससम्बन्धी निर्णय प्रदेश कमिटीले गर्ने ।

— गाउँ तथा नगरपालिकाका वडाध्यक्ष र सदस्यहरूका उम्मेदवारको निर्णय सम्बन्धित वडा र पालिका कमिटीको सिफारिसमा जिल्ला कमिटीले गर्ने ।

— निर्णयमा विवाद आए एक तह माथिल्लो कमिटीमा पठाउने ।

— **केन्द्रले आवश्यक ठानेमा कुनै पनि तहको निर्णयमा पुनर्विचार गर्न सक्नेछ ।**

— **यस्तो सिफारिसको अन्तिम मिति यही चैत महिनाको ३० गते हुनेछ । सम्बन्धित कमिटीहरूले सोही अनुसार सिफारिस प्रक्रिया आरम्भ गरिसक्नुपर्ने छ ।**

**ख)** **मापदण्डः** उम्मेदवार छनोटको मापदण्ड निम्नानुसार हुनेछ :

— पार्टी नीति र कार्यक्रमप्रतिको प्रतिबद्धता
— निर्वाचित जनप्रतिनिधिहरूको कामको मूल्याङ्कन
— लोकप्रियता र विजयको सुनिश्चितता
— आन्दोलनमा योगदान र पार्टीप्रतिको निष्ठा
— कार्यक्षमता, विकास र सुशासनप्रतिको दृष्टिकोण
— सन्तुलन र समावेशिता

### ३. स्थानीय निर्वाचन घोषणापत्रको तयारी

स्थानीय तहको निर्वाचनलाई ध्यानमा राखी पार्टी स्कूल विभागको संयोजन र स्थानीय विकास विभाग तथा निर्वाचन विभागको सङ्लग्नतामा गत फागुन १-१६ गतेसम्म ७ वटै प्रदेशमा अभिमुखीकरण सम्पन्न भएको छ । ७ सय ५३ पालिकामध्ये हाम्रा प्रतिनिधि रहेका पालिकामा यस कार्यकालमा भएका कामको विवरण संकलन गरी त्यसको सम्पादनको काम भइरहेको छ । पार्टीको नीति अनुसन्धान प्रतिष्ठानको समन्वयमा नेपाल बुद्धिजीवी परिषद्को प्रस्तावबमोजिम पहिलो चरणको घोषणापत्र तयारी कार्यशाला यही चैत २ गते सम्पन्न भएको छ ।

अघिल्लो निर्वाचनमा झैं केन्द्रबाट केन्द्रीय घोषणापत्र तयार गर्ने र ७ सय ५३ पालिकामा आ-आफ्नो स्थानीय तहको प्रतिबद्धता-पत्र तयार गरिनेछ । उक्त घोषणापत्र पार्टी स्थापना दिवसको दिन (२०७९ वैशाख ९ गते) काठमाडौंमा र स्थानीय प्रतिबद्धता-पत्र सोही दिन आ-आफ्नो पालिकामा एकैसाथ सार्वजनिक गर्ने तयारी गर्ने निर्णय

गरिएको छ । स्थानीय तहको प्रतिबद्धता-पत्रमा देशभरी एउटै ढाँचामा हुनेछ । स्थानीय तहमा पाँच वर्षको कामको सङ्क्षिप्त समीक्षा गर्दै केन्द्र, प्रदेश र पालिका सरकारबाट गरिएका काम र प्राप्त उपलब्धिलाई उल्लेख गर्नुपर्ने छ । पार्टीको नेतृत्व या बहुमत नरहेका पालिकाहरूमा समेत पार्टी नेतृत्वको केन्द्र र प्रदेश सरकारबाट गरिएका काम र उपलब्धिहरूको स्वामित्व लिने गरी उल्लेख गर्नुपर्ने छ । संविधानको अनुसूचीमा उल्लेखित स्थानीय तहको अधिकारको सूची तथा कार्यविस्तृतीकरण प्रतिवेदनमा उल्लेख गरिएका कामहरूको शीर्षक अनुसार अब गरिने कामहरूको प्रस्ताव उल्लेख गर्नुपर्ने छ । प्रतिबद्धता-पत्रको तयारीमा स्थानीय पार्टीले विज्ञहरु समेत परिचालन गर्न आवश्यक छ । यस सम्बन्धमा सहजीकरणका लागि यही चैत १६ गते अध्यक्ष कमरेडको समुपस्थितिमा भर्चुअल बैठक र अभिमुखीकरण कार्यक्रम समेत तय गरिएको छ ।

यस कामको संयोजनको लागि निम्न कमरेडहरु रहनुभएको घोषणापत्र मस्यौदा कमिटीको सिफारिस गरिएको छ ।

संयोजक : ईश्वर पोखरेल, प्रमुख- नीति अनुसन्धान प्रतिष्ठान

— सदस्य : युवराज ज्ञवाली, संयोजक- स्थानीय तह
— सदस्य : प्रदीप ज्ञवाली, प्रमुख- पार्टी स्कूल विभाग
— सदस्य : विष्णु रिमाल, प्रमुख- निर्वाचन विभाग
— सदस्य : प्रभु साह, सहईञ्चार्ज- मधेस प्रदेश
— सदस्य : देवेन्द्र दाहाल, प्रमुख- स्थानीय विकास विभाग
— सदस्य : मनोजजंग थापा, ईञ्चार्ज- बुद्धिजीवी परिषद्
— सदस्य : डा. युवराज खतिवडा, सदस्य- नीति अनुसन्धान प्रतिष्ठान
— सदस्य : प्रभा बराल, उपप्रमुख- स्थानीय विकास विभाग
— सदस्य : डा. दिनेशचन्द्र देवकोटा, अध्यक्ष- नेपाल बुद्धिजीवी परिषद्
— सदस्य : ई. सुशील ज्ञवाली, विज्ञ

कमिटीले चैत मसान्तभित्र मस्यौदा प्रस्तुत गरिसक्नुपर्ने छ ।

४. **निर्वाचनमा केन्द्रीय नेतृत्वको भूमिका र सम्पर्क कमिटी, सम्पर्क मञ्च एवं प्रवासमा सङ्गठित कमरेडहरुको परिचालन**

अहिले केन्द्रीय नेतृत्वको महत्वपूर्ण अंश भूगोल बाहिरको विभाग, फाँट र निकायका काममा सक्रिय छ । निर्वाचनको समयमा हरेक तहका कमिटीमा रहेका पार्टी सदस्यहरु जनताको घर-घरमा पुग्नु आवश्यक छ । त्यसैले आसन्न निर्वाचनमा प्रवाससहित विभाग, फाँट र निकायमा क्रियाशील कमरेडहरूको भूमिका भूगोलको काममा पनि महत्वपूर्ण हुन्छ । तसर्थ, **निर्वाचनसम्म गैरभौगोलिक कार्यक्षेत्र भएका सबै केन्द्रीय सदस्य**

कमरेडहरू आ-आफ्नो परिभाषित कामलाई निरन्तरता दिँदै आफूसम्बद्ध जिल्लामा निर्वाचनमा केन्द्रित हुने । प्रदेश कमिटीका सबै सदस्यहरू आफूसम्बद्ध पालिकामा, जिल्ला कमिटीका सदस्यहरू आफूसम्बद्ध वडामा, वडा कमिटीका सबै सदस्यहरू आफूसम्बद्ध टोलमा तथा टोल कमिटीका सदस्यहरू घरधुरी बाँडेर निर्वाचन तयारीको काममा केन्द्रित हुने ।

निर्वाचनका लागि प्रवासमा रहेका पार्टीका कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई स्वदेश फर्केर सहभागी हुन आह्वान गर्ने ।

सम्पर्क कमिटी र सम्पर्क मञ्चमा आबद्ध कमरेडहरू आफ्नो पालिकामा फर्केर निर्वाचनमा केन्द्रित हुने ।

**५. पार्टी स्थापना दिवस**

यस वर्ष पार्टी स्थापना भएको दिन २२ अप्रिल, २०७९ वैशाख ९ मा पर्दछ । यसपटक पार्टी स्थापना दिवस देशव्यापी रूपमा सिर्जनात्मक ढङ्गले मनाउनु आवश्यक छ । केन्द्रमा पार्टी स्थापना दिवस नयाँ पार्टी कार्यालय, तुल्सीलाल स्मृति भवनमा र देशव्यापी रूपमा प्रत्येक पालिका तहमा आयोजना गरिनेछ । केन्द्रमा घोषणापत्र र ७ सय ५३ पालिकामा एकैसाथ प्रतिबद्धता-पत्र सार्वजनिक गरिनेछ । यसका साथै बरिष्ठ कम्युनिष्टलाई सम्मानित गर्ने कार्यक्रम अनुसार त्यसदिन नेकपाको स्थापना र त्यसको नेतृत्वमा भएका चर्चित राजनीतिक आन्दोलनमा महत्वपूर्ण योगदान गर्ने ज्येष्ठ कम्युनिष्टहरूलाई केन्द्रमा सम्मानित गरिनेछ भने पालिकास्तरमा पनि सम्बन्धित भूगोलका अग्रज कम्युनिष्टहरूको सम्मानको कार्यक्रम राख्नु उचित हुनेछ ।

**६. पार्टीको वार्षिक क्यालेण्डरको तयारी**

पार्टी कामको वार्षिक क्यालेण्डरको अभावमा कतिपय महत्वपूर्ण दिवसहरु ओझेलमा पर्न गएका छन् । त्यसैले वार्षिक क्यालेण्डरको जरूरी छ । तसर्थ, पार्टीको तर्फबाट मनाइने सबै महत्वपूर्ण दिवस तथा जयन्तीहरु समावेश गरी वार्षिक क्यालेण्डर प्रकाशन गरिनेछ ।

**७. विभागहरूको गठन र विस्तार**

केन्द्रीय विभागका प्रमुख सम्मिलित छलफलबाट तत्काल विभागका कामहरु अघि बढाउन मद्दत पुग्ने गरी सीमित संख्यामा विभागको नामावली प्रस्ताव गर्न भनिएको थियो । त्यसरी प्राप्त नामहरू माथि आधारित रहेर अहिले देहायका विभाग गठन या देहायबमोजिम सदस्य थप गरिएको छ -

**संगठन विभाग**ः प्रमुखः खगराज अधिकारी,

सदस्यः देवराज घिमिरे, ज्वालाकुमारी साह, काशीनाथ अधिकारी, जगतबहादुर बिक सुनार, लीला गिरी, यामलाल कँडेल, कर्णबहादुर थापा, भानुभक्त ढकाल ।

**स्थानीय तह विभाग**ः प्रमुखः देवेन्द्र दहाल, उपप्रमुख : प्रभा बराल

सदस्यः होमनारायण श्रेष्ठ, अशोक व्याञ्जु, नवराज गेलाल, हर्कराज राई ,प्रेम गिरी,

हरि उप्रेती, कृष्णबहादुर डल्लाकोटी, शिवसुन्दर राजभण्डारी, वासुदेव घिमिरे, विकिरण गौतम, खगेन्द्र कार्की, कृष्णप्रसाद जैशी र पार्वता तिवारी ।

**वित्त तथा कोष व्यवस्थापन विभागः** प्रमुखः विष्णु रिमाल,

सदस्यः बिनाकुमारी श्रेष्ठ, डा. भीष्म अधिकारी ।

**पार्टी स्कुल विभाग** : प्रमुख प्रदीप ज्ञवाली, उपप्रमुख ईश्वरी रिजाल

सचिव- पेम्बा लामा, सदस्य- बालकृष्ण ढुङ्गेल, कपिल पोखरेल, घनश्याम कोइराला, पुरूषोत्तम न्यौपाने, टीका ढकाल, रामशरण प्याकुरेल, ईन्दिरा पन्त र वाई.पी आचार्य ।

**प्रचार तथा प्रकाशन विभाग-** प्रमुखः पृथ्वीसुब्बा गुरूङ, उपप्रमुख : विष्णु रिजाल

सदस्य- गगन विष्ट, प्रमोद दाहाल, गणेश बस्नेत, निर्मला शर्मा, उजिर मगर, चेतन अधिकारी, रोशन खड्का, महेश दास र टिका विष्ट ।

**निर्वाचन विभागः** प्रमुखः विष्णु रिमाल, उपप्रमुख : निरज आचार्य,

सचिवः केदार कोइराला, सदस्यः चूडामणि आचार्य (प्रदेश १), गणेश प्रसाईँ (मधेस प्रदेश), अनन्त पौडेल (बागमती प्रदेश), जुनकुमारी गुरूङ (गण्डकी प्रदेश), खुमाकान्त पौडेल (लुम्बिनी प्रदेश), दीपेन्द्रबहादुर थापा (कर्णाली प्रदेश) र रणबहादुर चन्द ( सुदूरपश्चिम प्रदेश) ।

**उद्योग विभाग-** प्रमुख- मोति दुगड, उपप्रमुख- दुर्गा प्रसाईँ

सदस्य- पाल्देन छोपाङ गुरूङ, किशोर प्रधान, मदन अधिकारी, विजयकुमार लोहिया, डिबी बस्नेत, मदनलाल अग्रवाल मित्तल, शोभा गुरूङ, लता प्याकुरेल र बाबुराम रानाभाट ।

८. **केन्द्रीय लेखा तथा आर्थिक व्यवस्थापन विनियम**

२०७५ जेठ ३ गते पार्टी एकीकरण भएदेखि पार्टीको कोष व्यवस्थापन तथा नियन्त्रण गर्न बनेको नेकपा (एमाले) केन्द्रीय आर्थिक व्यवस्थापन विनियम, २०६७ निष्क्रिय रह्यो । २०७७ फागुन २३ को सर्वोच्च अदालतको फैसलापछि नेकपाको निरन्तरताको रूपमा नेकपा (एमाले) पुनः क्रियाशील भएदेखि कोष व्यवस्थापनमा रहेको अस्तव्यस्तता दुरूस्त गर्ने प्रक्रिया आरम्भ गरिएको छ । बैंकका खाताहरूको खोजी गर्ने, मौज्दात रकम रूजु गर्ने र संविधान र कानुनको अधीनमा रही पार्टीको कोष व्यवस्थापन गर्ने काममा केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग क्रियाशील छ । निष्क्रिय पारिएको केन्द्रीय आर्थिक व्यवस्थापन विनियम, २०६७ को व्यवस्था अहिलेको सन्दर्भमा अपर्याप्त छ । तसर्थ बैठकबाट केन्द्रीय लेखा तथा आर्थिक व्यवस्थापन विनियम, २०७८ पारित गरिएको छ ।

पार्टीको दिगो आर्थिक स्रोतका लागि विभागका प्रमुखले '५ हजार लेवी दिने ५ हजार जना अभियान **(फाइभ थाउजेण्ड बाइ फाइभ थाउजेण्ड अभियान)**' प्रस्ताव गर्नुभयो । एमालेका उच्च आय भएका ५ हजार सदस्यले यस कार्यकालभरि नै अनलाइनमार्फत् हरेक महिना रू ५ हजारका दरले योगदान गर्ने प्रस्ताव बैठकले

पारित गर्‍यो । आ-आफ्नो क्षेत्रमा यस्ता आय भएका र योगदान गर्न इच्छुक कमरेडहरूको नामावली संकलन गर्ने र उक्त नाम चैत महिनाको अन्त्यसम्ममा केन्द्रीय कार्यालयमा उपलब्ध गराउन अनुरोध गरिन्छ ।

**९. प्रवासी नेपाली मञ्चको विधान**

परराष्ट्र मामिला विभागको संयोजनमा विभिन्न मुलुकमा रहनुभएका कमरेडहरूले तयार गर्नुभएको प्रवासी नेपाली मञ्चको विधानलाई बैठकले पारित गरेको छ ।

**१०. पार्टी प्रवेश गरेका नेता–कार्यकर्ताको व्यवस्थापन**

विभिन्न पार्टीबाट हाम्रो पार्टीमा प्रवेश गरेका कमरेडहरूको संख्या उल्लेख्य छ । उहाँहरूको जिम्मेवारी व्यवस्थापन गर्ने र पार्टीको वैचारिक, सैद्धान्तिक विषयमा स्कूलिङ गर्ने काम भने बाँकी नै छ । तसर्थ, विभिन्न पार्टीबाट प्रवेश गरेका र केन्द्रीय कमिटीबाट व्यवस्थापन गर्ने गरी सिफारिस भएका कमरेडहरूको जिम्मेवारी व्यवस्थापनको प्रस्ताव तयार गर्ने दायित्व संगठन विभागलाई दिने र स्कुलिङको समयबद्ध तालिका तयार गर्ने र प्रशिक्षणको व्यवस्था पार्टी स्कूल विभागले गर्ने गरी जिम्मेवारी तोकिएको छ ।

**११. स्वयंसेवी संस्थाको गठन**

प्राकृतिक विपत्ती, महामारी र जनताको समस्यामा प्रत्यक्ष सहयोग पुर्‍याउने उद्देश्यले सामाजिक सेवाकेन्द्र नामको नयाँ स्वयंसेवी संस्था निर्माण गर्ने निर्णय गरिएको छ ।

**१२. प्रदेशमा थप विभाग गठन गर्ने सम्बन्धमा**

**हालको व्यवस्था अनुसार** प्रदेश र स्थानीय तहमा निर्वाचन, पार्टी स्कूल, प्रचार तथा प्रकाशन, वित्त तथा कोष व्यवस्थापन, संगठन, स्थानीय विकास, सहकारी तथा गरिबी निवारण र संसदीय विभागमात्र गठन गर्ने अनुमति छ । यी बाहेकका थप विभाग गठन गर्नको लागि मातहतबाट अनुमतिको माग भएको छ । पार्टी विस्तार र ठूलो संख्यामा अन्य पार्टीबाट प्रवेश गर्नेहरूको समेत जिम्मेवारी व्यवस्थापनको कोणबाट सूचिकृत गरिएका बाहेकका विभाग गठनको लागि अनुमति दिन उपयुक्त देखिन्छ । तसर्थ, वैदेशिक मामला विभाग, राष्ट्रिय हित तथा सुरक्षा विभाग र केन्द्रीय पुस्तकालय तथा अभिलेख विभागबाहेक प्रदेश र स्थानीय तहमा पार्टी नियमावलीमा उल्लेख भएका अन्य विभागहरू गठन गर्नसक्ने निर्णय बैठकले गरेको छ । तर त्यस्ता विभाग गठन गर्नुपूर्व एक तह माथिको कमिटीको सहमति आवश्यक पर्नेछ ।

**१३. कारबाही सम्बन्धमा**

लुम्बिनी प्रदेश, तुलसीपुर उप-महानगरपालिका वडा नं १५ को वडा सदस्य एवं

कार्यपालिका सदस्य तथा न्यायिक समिति सदस्य पदमा यस पार्टीको तर्फबाट निर्वाचित जानका रेग्मी., वडा नं ४ को वडा सदस्य एवं कार्यपालिका सदस्य डिला परियार र कार्यपालिका सदस्य पदमा पार्टीको अल्पसंख्यक तर्फबाट निर्वाचित वडा नं ७ का दीपक कुमालले मिति २०७८ पुस २६ गतेका दिन औपचारिक रूपमा दल परित्याग गरेकोले पार्टीबाट निष्काशन गरिएको छ । यसैगरी बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिकाका अध्यक्ष केदार खत्री क्षेत्रीलाई २०७८ फागुन २४ गते दल परित्याग गरेकोले पार्टीबाट निष्काशन गरिएको छ ।

**१४. अधिवेशनहरु सम्बन्धमा**

स्थानीय निर्वाचनको मिति घोषणा भइसकेको र पार्टीको सम्पूर्ण शक्ति निर्वाचनमा परिचालन गर्नुपर्ने भएकाले यसअघि नै पार्टीका प्रदेश अधिवेशनहरू स्थगित गरिएको व्यहोरा कमरेडहरूलाई अवगत नै छ । त्यसरी नै युवा, विद्यार्थी, जिफन्ट, महिला र किसानसम्बद्ध जनसङ्गठनका राष्ट्रिय अधिवेशन/सम्मेलनहरूलाई पनि निर्वाचन पछि सम्पन्न गर्ने गरी स्थगित गरिएको छ । यसबाहेक, बाँकी रहेका पार्टीका जिल्ला अधिवेशनहरू तथा मिति तय भइसकेका जनसङ्गठनका राष्ट्रिय महाधिवेशन/ सम्मेलनहरूलाई निर्धारित मितिमै सम्पन्न गर्न र तत्पश्चात् सम्पूर्ण शक्ति निर्वाचनमा परिचालन गर्न निर्देशित गरिन्छ ।

**१५. थप जिम्मेवारी**

कार्यविभाजनमा छुटेका क्षेत्रहरूको निम्नानुसार जिम्मेवारी तोकिएको छ :

— राष्ट्रिय उद्योग बाणिज्य महासंघ : इञ्चार्ज, भानुभक्त ढकाल,

— रिटर्नी फेडेरेशन, नेपाल : इञ्चार्ज, सूर्य पाठक,

— रामलाल साह : सहइञ्चार्ज, मोरङ जिल्ला ।

१६ **पार्टीको मोबाईल एप** : पार्टीले हालै मोबाईल एप- CPN UML App विकसित गरेको छ । यस एपलाई अधिकाधिक डाउनलोड गरी प्रयोगमा ल्याउन आम पार्टी पङ्क्तिलाई आह्वान गरिन्छ ।

१६ **आसनग्रहण तथा स्वागत** : पार्टीका अधिकांस कार्यक्रमहरू माला/खादा र अस्तव्यस्त आसनग्रहण प्रक्रियाका कारण भद्दा हुन थालेको छ । यसलाई छरितो तुल्याउन सकेसम्म छरितो आसनग्रहण जस्ता काम गर्ने र अनावश्यक माला/खादा प्रयोगलाई निरूत्साहित गर्न निर्देशित गरिन्छ ।

**प्रिय कमरेडहरू,**

केन्द्रीय कमिटी तथा पोलिटब्युरो, स्थायी कमिटी तथा केन्द्रीय सचिवालयबाट गरिएका उपरोक्त निर्णयहरूलाई गम्भीरतासाथ आत्मसात् गर्न र तदारूकताका साथ कार्यान्वयन गर्न हार्दिक आह्वान गर्दछु । पार्टीमा सुरू भएको सङ्गठनात्मक पुनर्जागरण, सक्रियता र पार्टी विस्तार अभियानलाई तीब्रता दिंदै सबै खालका चुनौतीको सामना गर्ने गरी अगाडि बढ्न कमरेडहरूलाई विशेष आग्रह गर्दछु ।

**केपी शर्मा ओली**
**अध्यक्ष**

अनुसूची १

# राजनीतिक प्रतिवेदन

प्रिय कमरेडहरू,

पार्टी केन्द्रीय कमिटीको तेस्रो बैठकमा सहभागी हुन आ-आफ्नो कार्यक्षेत्रबाट काठमाडौं आउनुभएका सबै कमरेडहरूलाई हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

श्रद्धेय शहीदहरू, पार्टीका अग्रज नेताहरू एवं दोस्रो बैठकयता जीवन गुमाउनुहुने प्रिय कमरेडहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

केन्द्रीय कमिटीको दोस्रो बैठक गतः मङ्सिर २५-२६ मा सम्पन्न भएको थियो । बैठकबाट पोलिटब्युरो र स्थायी कमिटी गठन, केन्द्रीय कमिटीमा मनोनयन र कार्यविभाजन, विधान सम्पादन र नियमावली संशोधन, प्रदेश र जिल्ला अधिवेशनको मिति निर्धारणलगायत पार्टी जीवनमा गम्भीर र दूरगामी महत्व राख्ने निर्णय गरिएका थिए । बैठकयता पार्टी काम तीव्र बेगमा अगाडि बढेको छ । पार्टीप्रतिको आकर्षण र प्रवेशको अभूतपूर्व लहर देखापरेको छ । हाम्रो पार्टीको निरन्तर दबाब र निर्वाचन आयोगलगायतको ताकेताका कारण सरकार आगामी २०७९ वैशाख ३० गतेका लागि स्थानीय तहको निर्वाचनको मिति घोषणा गर्न बाध्य भएको छ । निर्वाचन कार्यक्रमसमेत प्रकाशित भएको छ । यससँगै मुलुक स्थानीय निर्वाचनतर्फ अग्रसर भएको छ ।

अर्कातिर, जनादेशलाई विस्थापन गर्दै परमादेशको बलमा गठित सरकारका कारण राज्यका सबै अङ्ग र क्षेत्र अस्तव्यस्त र सङ्कटग्रस्त बन्दै गएका छन् । राज्यलाई नै असफलताको दिशातिर धकेलिरहेको गठबन्धनका जनविरोधी क्रियाकलापलाई विरोध गर्दै र विफल बनाउँदै राष्ट्रियताको सुदृढीकरण, लोकतन्त्रको रक्षा र सामाजिक-आर्थिक रूपान्तरणको नेतृत्व गर्ने दायित्व हाम्रो पार्टीको काँधमा छ ।

यिनै विषयमा केन्द्रित रहेर, अघिल्लो बैठकयताका घटनाक्रमको प्रवृत्तिगत विश्लेषण गर्दै पार्टीको काँधमा रहेका आगामी कार्यभारका सम्बन्धमा यस प्रतिवेदनमार्फत् सङ्क्षिप्त चर्चा गर्न चाहन्छु ।

## १. सङ्गठनात्मक सुदृढीकरण र पार्टी काममा तीव्रता

हामीले गत असोजदेखि सङ्गठनात्मक सुदृढीकरणको विशेष अभियान सञ्चालन गरेका थियौं । यसक्रममा नवौं महाधिवेशनको तुलनामा पार्टी सदस्यता विस्तार र नवीकरण झण्डै तीन गुना बढेर ८ लाख ५५ हजारभन्दा माथि पुग्यो । कात्तिक ६ गते देशका सबै वडामा एकैदिन वडा अधिवेशन र ९ गते सबै पालिकामा एकैदिन अधिवेशन गर्नेजस्ता राष्ट्रव्यापी अभियान सञ्चालन गर्दै पार्टीले सङ्गठनात्मक जीवनलाई गतिशील र सशक्त

बनाउँदै लगेको छ ।

दोस्रो बैठकयताको अवधिमा बझाङ, मनाङ, मुस्ताङ र महोत्तरीबाहेक सबै भौगोलिक जिल्ला तथा मजदुर र बुद्धिजीवी विशेष जिल्ला कमिटीका अधिवेशन सम्पन्न भएका छन् । सम्पर्क समन्वय कमिटी मातहतका सबै प्रदेश सम्पर्क कमिटीले आफ्ना अधिवेशन सम्पन्न गरेका छन् । अधिवेशनका अन्य काम सम्पन्न भएर पनि पर्सा जिल्ला कमिटीको नेतृत्व घोषणा गर्न भने बाँकी छ । यस अवधिमा प्रेस चौतारी नेपाल, मानवअधिकार एलाइन्स नेपाल र प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन, नेपालका राष्ट्रिय महाधिवेशन/सम्मेलनहरू सम्पन्न भएका छन् । अधिकांश जिल्ला कमिटीहरूले टोलसम्मै सङ्गठन विस्तारको कामलाई तीव्र पारेका छन् । गत असोजदेखि गति लिएको पार्टीको सङ्गठनात्मक कामले यसबीचमा नयाँ उचाई हासिल गरेको छ । लामो समयदेखि शिथिलजस्तो देखिएको पार्टीको सङ्गठनात्मक जीवनमा नयाँ ऊर्जा, बेग र उत्साह पैदा भएको छ ।

अधिवेशनहरूमा आमरूपमा कमरेडली सौहार्द्रता, उच्चस्तरको समझदारी र सहमतिको भावना प्रभावी भए पनि कतिपय ठाउँमा अस्वस्थता, विधानको भावनाभन्दा फरक गतिविधि र पार्टी निर्देशनविपरीत प्यानलगत निर्वाचनको अवस्था पनि देखिएको छ । कतिपय ठाउँमा सहमतिका नाममा प्रतिनिधिहरूको उम्मेद्वार बन्न र कार्यकर्ताका बीचमा परीक्षित हुने अधिकार अनावश्यक रूपमा सङ्कुचित पारिएको गुनासो सुनिएको छ । कतिपय ठाउँमा मापदण्डको पालनालाई बेवास्ता गरेको पनि देखिएको छ । छिटफुट रूपमा देखिएको भए पनि यस्ता प्रवृत्ति पार्टी निर्माणका दृष्टिले अनुचित छन् । आगामी दिनमा यसलाई सच्याउँदै जानु आवश्यक छ ।

स्थानीय निर्वाचनको मिति घोषणा भइसकेपछि यसैमा सम्पूर्ण ध्यानकेन्द्रित गर्न सकियोस् भनेर पूर्वनिर्धारित प्रदेश अधिवेशनहरूलाई निर्वाचनपछि आयोजना गर्ने गरी केन्द्रीय सचिवालयबाटै स्थगन गरिएको छ । त्यसैगरी, केही जनसङ्गठनका अधिवेशनहरू पनि निर्वाचन पछि नै सम्पन्न गरिनेछ । यसबीचमा, बाँकी जिल्ला अधिवेशनहरू तथा मिति निर्धारण भइसकेका जनसङ्गठनका अधिवेशनहरूलाई व्यवस्थित रूपमा सम्पन्न गरेर सिङ्गो पार्टीपङ्क्ति र जनसङ्गठनहरूलाई स्थानीय निर्वाचनकेन्द्रित गरिनु आवश्यक छ ।

## २. पार्टी प्रवेश तथा पार्टीप्रतिको आकर्षण

केन्द्रीय कमिटीको दोस्रो बैठकले फागुन मसान्तसम्म पार्टी प्रवेशलाई अभियानकै रूपमा सञ्चालन गर्ने निर्णय गरेको थियो । महाधिवेशन अगावैदेखि सुरू भएको पार्टी प्रवेशको लहर यस अवधिमा तीव्र बनेको छ । पार्टीलाई छलकपटपूर्ण ढङ्गले सरकारबाट विस्थापित गरिएको, पार्टी प्रतिपक्षी अवस्थामा रहेको र नेकपा (एमाले)लाई कमजोर पारियो भन्ने भ्रम सिर्जना गर्दै पार्टीविरूद्ध राजनीतिक र

मनोवैज्ञानिक आक्रमण एवं घेराबन्दी गरिएको बेला गठबन्धन आबद्ध पार्टीबाटै ठूलो सङ्ख्यामा नेकपा (एमाले) मा प्रवेशको यो परिघटनाले नेकपा (एमाले) प्रति जनतामा रहेको अपार आकर्षणलाई प्रतिविम्बित गर्छ । विशेषगरेर तराई–मधेसमा देखिएको यो प्रवृत्ति उल्लेखनीय छ । विगत निर्वाचन र सोभन्दा अगाडिदेखि नै नेकपा (एमाले)का विरूद्ध भ्रम प्रचार गरिएको, घृणा फैलाइएको, प्रवेश निषेध गरिएको र यसै कारणले गर्दा निर्वाचनमा अपेक्षित परिणाम हासिल हुन नसकेको मधेस प्रदेशलगायत तराई–मधेसमा नेकपा (एमाले) प्रतिको आकर्षणले आगामी राजनीतिक शक्ति सन्तुलनलाई नै बदल्ने स्पष्ट छ । यसले राष्ट्रिय राजनीतिबाट जातीय-क्षेत्रीय सङ्कीर्णता, दुर्भाव र विखण्डनका प्रवृत्तिलाई निस्तेज पार्न र राष्ट्रिय एकतालाई अझ खँदिलो बनाउन पनि ठूलो सहयोग पुग्नेछ । सत्ता-स्वार्थ, अवसरवाद र राजनीतिक विकृतिमा चुर्लुम्मै डुबेको माओवादी नेतृत्वप्रति मोहभङ्ग भएर त्यसबाट अलग हुँदै नेकपा (एमाले) मा आबद्ध हुने जुन राष्ट्रव्यापी लहर चलेको छ, यसको खास अर्थ र सन्देश छ । आधारभूत तहबाटै पार्टी एकता अगाडि बढाउने हाम्रो अभियानले सार्थकता पाएको छ र नेकपा (एमाले) नै मुलुकको नेतृत्वदायी पार्टी तथा प्रमुख राष्ट्रिय शक्ति हो भन्ने तथ्यलाई यस घटनाक्रमले स्पष्ट पारेको छ ।

प्रवेशको यस शृङ्खलालाई आगामी दिनमा झनै तीव्र पार्नुपर्छ र जनअभिमतबाटै हाम्रा विरूद्धको घेराबन्दीलाई तोड्नुपर्छ । यसका लागि विशेष गरेर जिल्ला कमिटीहरूले अझ ठोस र सुविचारित योजना बनाउनुपर्छ । गठबन्धन आबद्ध पार्टीका असन्तुष्ट नेता कार्यकर्तासँग पहुँच र संवाद अगाडि बढाउनुपर्छ । व्यवस्थित रूपमा प्रवेश अभियान सञ्चालन गर्नुपर्छ । पार्टीमा आबद्ध भएका नेता-कार्यकर्ताहरूलाई पार्टी सदस्यता दिने प्रक्रिया आरम्भ गर्ने र वैचारिक-राजनीतिक प्रशिक्षणको उचित व्यवस्था गर्नुपर्छ । उहाँहरूलाई अविलम्ब उपयुक्त जिम्मेवारीसहित सङ्गठित गर्ने काम गर्नुपर्छ । यसका लागि सङ्गठन विभागले विशेष योजना बनाउनुपर्छ ।

### ३. पार्टी प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम

केन्द्रीय पार्टी स्कुल विभागको अगुवाइमा यही फागुन १ देखि १६ सम्म सातवटै प्रदेशमा अगुवा कार्यकर्ताहरूको सहभागितामा दुईदिने प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको समुद्घाटन २०७८ माघ २८ गते अध्यक्षबाट भर्चुअल माध्यमबाट गरिएको थियो । पार्टी स्कुल विभाग, स्थानीय विकास विभाग तथा निर्वाचन विभाग आयोजक भूमिकामा रहेको उक्त कार्यक्रममा सम्बन्धित प्रदेशका इञ्चार्ज तथा सहइञ्चार्ज, प्रदेश कमिटीका पदाधिकारी, जिल्ला इञ्चार्ज तथा जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष, पार्टीका तर्फबाट निर्वाचित सङ्घीय सांसद र प्रदेशसभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका मेयर तथा उपमेयर तथा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरूको सहभागिता थियो । विभिन्न प्रदेशमा पार्टी उपाध्यक्ष र महासचिव प्रमुख अतिथि रहनुभएको कार्यक्रम प्रदेश कमिटीको व्यवस्थापनमा सम्पन्न भएको थियो । कार्यक्रमको अन्त्यमा प्रदेश इञ्चार्जहरूले

कार्यक्रमको समीक्षा र आवश्यक निर्देशन दिनुभएको थियो । सात प्रदेशमा गरेर २,७६२ अगुवा कार्यकर्ता सहभागी यस अभियानबाट महाधिवेशनबाट पारित सिद्धान्त, कार्यक्रम तथा कार्यदिशा, पार्टी निर्माणका राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषय, स्थानीय तहमा हाम्रा पाँच वर्षः उपलब्धी र अनुभव, स्थानीय तह निर्वाचनको तयारीसम्बन्धी राजनीतिक, कानुनी र व्यवहारिक प्रश्न एवं नेकपा (एमाले) नेतृत्वको सरकारले गरेका काम र समाजवादका आधार निर्माणजस्ता विषयमा सहभागीहरू प्रशिक्षित तथा अभिमुखीकरण हुनुभएको छ । स्थानीय तहमा निर्वाचित भएर पार्टीले हासिल गरेका उपलब्धी र सामना गरेका समस्याका सम्बन्धमा गरिएको समूह छलफल तथा स्थानीय विकास विभागको निर्देशनमा पालिकास्तरबाटै भरिएका फारमहरूमार्फत् प्राप्त सूचनाले यसबीचका हाम्रा काम, सफलता र उपलब्धीबारे बुझाइमा एकरूपता कायम गर्न सहज भएको छ । यसले समस्या र सीमाको पहिचान गर्न सम्भव भएको छ भने निर्वाचन रणनीति तयार गर्न र शक्ति सन्तुलनबारे जानकारी हासिल गर्न पनि महत्वपूर्ण सहयोग पुगेको छ ।

सबै प्रदेश कमिटीहरूबाट सहभागीहरूका लागि केन्द्रले तयार गरेका प्रशिक्षण सामग्री स्थानीयस्तरमै उत्पादन गरेर वितरण गरिएको थियो ।

प्रशिक्षकहरूले अझ बढी विषयकेन्द्रित तयारी गर्न, प्रशिक्षण कार्यक्रमलाई नियमितता दिन र सहभागिता अझ छरितो गर्नलगायत सहभागीहरूबाट प्राप्त सुझावहरूलाई ध्यानमा राख्दै पार्टीपङ्क्तिको वैचारिक-राजनीतिक चेतनास्तर माथि उठाउन प्रशिक्षण कार्यक्रमलाई नियमित, विषय-केन्द्रित र अझ प्रभावकारी बनाउनुपर्छ ।

उक्त कार्यक्रममा सहभागी नेता कमरेडहरूले प्रशिक्षणबाट प्राप्त ज्ञानलाई मातहत कमिटीसम्म अभियानकै रूपमा लैजान आह्वान गरिन्छ ।

## ४. स्थानीय तह निर्वाचनको घोषणा

जनप्रतिनिधिहरूको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगावै निर्वाचन हुनुपर्ने स्थानीय तह निर्वाचन ऐन, २०७३ लगायत प्रचलित ऐनहरूको व्यवस्था बमोजिम २०७८ फागुनमै निर्वाचन गरिनुपर्थ्यो । तर सरकारले त्यसो गरेन । उल्टै, संविधानको अपव्याख्या गर्दै निर्वाचनलाई एक वर्ष पर धकेल्ने, त्यस अवधिमा स्थानीय तह रिक्त राखेर साधनस्रोतहरूको दोहन गर्ने, आधारभूत लोकतन्त्रलाई कमजोर पार्ने र संविधानलाई निष्प्रभावी बनाउने भित्री योजना बनायो र तदनुरूप दाउपेच गऱ्यो । हाम्रो पार्टीले यसविरूद्ध लगातार खबरदारी गरिरह्यो, निर्वाचनको मिति घोषणा गर्न राष्ट्रव्यापी दबाब सिर्जना गऱ्यो र सरकारका अलोकतान्त्रिक र संविधानविरोधी दुराशयको प्रतिवाद गऱ्यो । हाम्रो पार्टीको निरन्तरको दबाब, निर्वाचन आयोगको ताकेता, लोकतन्त्रका पक्षधर विभिन्न व्यक्ति र समूहहरूको घच्घच्याहट समेतका कारण सरकार आगामी २०७९ वैशाख ३० गते निर्वाचन हुने गरी मिति घोषणा गर्न बाध्य भएको छ ।

निर्वाचनबाट भाग्न खोजिरहेको र संविधानको मर्म र लोकतन्त्रमाथि प्रहार गर्न उद्यत सरकारलाई मिति घोषणा गर्न बाध्य बनाउनु जनदबाबको सफलता हो ।

यसबीचमा निर्वाचन आयोगले निर्वाचन तालिका समेत प्रकाशित गरेको छ ।

संवैधानिक कर्त्तव्य र स्वेच्छाले होइन, जनदबाबका कारण मिति घोषणा गर्न बाध्य भएकोले सरकारको निर्वाचनप्रतिको प्रतिबद्धता फितलो छ । तसर्थ निर्वाचनलाई तोकिएकै मितिमा, शान्तिपूर्ण, धाँधलीरहित र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने कुरा सुनिश्चित गर्न चनाखो भएर खबरदारी गरिरहनु जरूरी छ । यसबीचमा, तेस्रो चरणमा निर्वाचन भएका पालिकाका जनप्रतिनिधिमार्फत् पाँचवर्षे कार्यकालको विवाद भिकेर अदालतमा रिट दायर गर्दै निर्वाचनलाई पर धकेल्ने असफल प्रयाशसमेत भएको छ । संवैधानिक परिषद्ले गरेका नियुक्तिसम्बन्धी मुद्दाका माध्यमबाट निर्वाचन आयोगको संरचनालाई प्रभावित गर्ने र निर्वाचन हुन नदिने प्रयाश पनि हुनसक्छ । त्यसैले उच्च सतकर्ता र दबाब कायम राख्दै निर्वाचनको तयारीमा केन्द्रित हुनु जरूरी छ ।

यसबीचमा निर्वाचन आयोगले आचारसंहिता जारी गर्दै पुनः उम्मेदवार बन्न चाहने जनप्रतिनिधिहरूका लागि पदबाट राजीनामा दिनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा सम्बन्धित तहको सरकारमा रहेका जनप्रतिनिधिहरूले उम्मेद्वारी दिँदा राजीनामा दिनुनपर्ने तर स्थानीय तहका हकमा यस्तो बाध्यकारी व्यवस्था राखिनु विभेदपूर्ण र विरोधाभाषी छ । अभ्र महत्वपूर्ण कुरा, संविधान र स्थानीय तह निर्वाचन ऐनले कार्यकारी, विधायिकी र न्यायिक गरी तीनवटै भूमिका खेल्ने स्थानीय तहमा रिक्तताको परिकल्पनै गरेको छैन । र, कस्तै अवस्थामा पनि कुनै पनि तहको कार्यकारिणीको रिक्तता हुन सक्दैन । यसो गर्दा सेवा प्रवाहलगायत जनताका विभिन्न अधिकारको प्रयोगमा समस्या सिर्जना हुन्छ । त्यसैले निर्वाचन आयोगले गरेको यो व्यवस्था अनुचित र अनुपयुक्त छ ।

हामी चाहन्छौं– निर्वाचन आयोगका प्रत्येक निर्णय र कामहरू कानुनसम्मत्, निष्पक्ष, स्वच्छ र पारदर्शी होउन् । निर्वाचन आयोग कसैको दबाब र प्रभावमा नपरोस् ।

## ५. निर्वाचनको तयारी

निर्वाचनको मिति घोषणा भइसकेको र निर्वाचन कार्यतालिका समेत प्रकाशित भइसकेको सन्दर्भमा निर्वाचनसम्मका लागि हाम्रो कामको केन्द्रबिन्दू निर्वाचनको तयारी र त्यसमा पार्टीको विजय सुनिश्चित गर्नु हो ।

यो निर्वाचन सामान्य, नियमित र सहज अवस्थामा हुँदैछैन । यो त जनादेश र परमादेशबीचको जनमत सङ्ग्रहका रूपमा हुँदैछ । राष्ट्रिय स्वाभिमानका पक्षधर र बाह्य शक्तिहरूका लागि 'कम्फर्टेबल'हरूका बीचमा हुँदैछ । राजनीतिक स्थायित्वका पक्षधर र

अस्थिरताका संवाहकहरू बीच हुँदैछ । समृद्धि कि बर्बादी, लोकतान्त्रिक संस्थाहरूको रक्षा कि मानमर्दन बीचको छनोटका रूपमा हुँदैछ । यस निर्वाचनमा एकातिर जनताको विश्वासप्राप्त, गत निर्वाचनमा जनादेशप्राप्त, राष्ट्र र जनताका निम्ति असल काम गर्दागर्दै षड्यन्त्रपूर्वक सरकारबाट विस्थापित गरिएको नेकपा (एमाले) छ, अर्कातिर निर्वाचनबाट किनारा लागेर पनि अदालतको जस्केलाबाट छिरेको दक्षिणपन्थी शक्ति तथा तिनका सहयोगी दलहरू छन् । आमनिर्वाचनको पूर्व सन्ध्यामा हुन गइरहेको यस निर्वाचनले राष्ट्रिय राजनीतिको भावी परिदृश्यको पनि सङ्केत गर्नेछ । तसर्थ यस निर्वाचनमा नेकपा (एमाले)ले सफलता हासिल गर्नैपर्छ ।

हामीसँग जीतका पर्याप्त आधार छन् । यावत् घेराबन्दी, आक्रमण र दुष्प्रचारका बीचमा पनि हाम्रो पार्टीप्रतिको जनविश्वास अखण्डित र अक्षुण्ण रहनु एवं यस्तो जनविश्वास दिनप्रतिदिन बढ्दै जानु नै त्यो मुख्य आधार हो, जसले नेकपा (एमाले) को जीतलाई सुनिश्चित गर्नेछ । पाँच दलीय गठबन्धनका कारण नेकपा (एमाले) लाई अप्ठ्यारो पर्छ भन्ने मनोवैज्ञानिक प्रभाव पार्न खोजिएको छ । तर हामी स्पष्ट हुनुपर्छ– गठबन्धन या मोर्चा सामर्थ्यको प्रतीक होइन, कमजोरीको द्योतक हो । बैशाखीको सहारा त्यसलाई मात्र चाहिन्छ, जसका खुट्टा कमजोर छन् । त्यसैले गठबन्धनको यो मनोवैज्ञानिक भ्रम या भयबाट मुक्त हुनु जरूरी छ । स्मरणीय छ, गत निर्वाचनमा पनि हामीले काङ्ग्रेस–माओवादी गठबन्धनसँगै लडेर स्थानीय तह निर्वाचनमा एक्लै ४२ प्रतिशत स्थानमा विजय हासिल गरेका थियौं । निर्वाचनमा नेकपा (एमाले) को विजयका आधार सुदृढ छन्, जसलाई सम्प्रेषित गर्दै निर्वाचनमा सफलताको आत्मविश्वास स्थापित गर्नु जरूरी छ ।

आगामी निर्वाचनमा नेकपा (एमाले) को विजयका मुख्य आधारलाई यसरी उल्लेख गर्न सकिन्छ–

— पार्टीका सही सिद्धान्त, कार्यदिशा, नीति र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा,
— राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, स्वाभिमान र राष्ट्रिय हितको पक्षमा खेलेको प्रभावकारी भूमिका, राष्ट्रको पहिचान, भूमिका र प्रतिष्ठा अभिबृद्धिका लागि गरेको असाधारण योगदान ।
— केन्द्र, प्रदेश र स्थानीय सरकारको नेतृत्व गर्दा विकास र समृद्धिका क्षेत्रमा खेलेको महत्वपूर्ण भूमिका, प्राप्त गरेका उपलब्धी र तिनले समाजमा ल्याएको परिवर्तन,
— स्थानीय तहलाई अधिकारसम्पन्न बनाउन पार्टीले २०४७ सालदेखि नै खेलेको भूमिका, स्थानीय स्वायत्त शासनको अवधारणा (२०५४) र स्थानीय तहदेखि नै महिला र दलितको समावेशिताका लागि पार्टीको भूमिका,
— राज्यका हरेक अङ्गमा न्यूनतम एक तिहाई महिला सहभागिताका लागि पार्टीको नेतृत्वदायी योगदान,

— नेपालको संविधान निर्माणका क्रममा तीन तहको सङ्घीय ढाँचा र स्थानीय तहलाई संवैधानिक प्रत्याभूति दिन पार्टीले खेलेको भूमिका, स्थानीय तहलाई प्रदेशको तजबिजी अधिकारभित्र राख्न विभिन्न दलबाट प्रकट भएका हानिकारक प्रस्तावको प्रतिवाद,

— नेकपा (एमाले) नेतृत्वको सरकारले स्थानीय तहलाई प्रभावकारी बनाउन गरेको वित्तीय, कानुनी र प्रशासनिक योगदान,

— प्रत्येक पालिकामा आधारभूत अस्पताल, प्रशासनिक भवन, प्रत्येक पालिका केन्द्र जोड्ने सडक, प्रत्येक निर्वाचन क्षेत्र जोड्ने रणनीतिक सडकलगायत कार्यक्रम,

— तराईका जिल्लामा सघन सहरी विकास कार्यक्रम र तराई-मधेस समृद्धि कार्यक्रममार्फत् गरिएको लगानी एवं सुनकोशी- मरिन र भेरी- बबई डाइभर्सन जस्ता रूपान्तरणकारी योजनाको थालनी,

— एक घर एक धारा, खरको छाना विस्थापन, भूमिहीनलाई आवासलगायत सरकारका जनमुखी कामहरू,

— सरकार परिवर्तन हुनासाथ स्थानीय तहलाई प्रदेशको तजबिजमा राख्न चलाइएको असंवैधानिक प्रयाशलाई निष्फल पार्न पार्टीको भूमिका,

— पार्टीले विजय हासिल गरेका स्थानीय तहमा हासिल उपलब्धी र महत्वपूर्ण काम,

— भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण, जयनगर-जनकपुर- कुर्था, पूर्व-पश्चिम रेलमार्ग निर्माणलगायत पूर्वाधार विकासमा दूरगामी महत्वका रणनीतिक योजनाहरूको थालनी,

— सङ्घीय संरचना र नयाँ प्रणालीको संस्थागत विकासका लागि गरिएका योजनाबद्ध कामहरू । मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि नयाँ कानुनहरूको निर्माण ।

— नेकपा (एमाले) नेतृत्वको सरकारले सुरू गरेको सामाजिक सुरक्षाको दायरालाई विस्तार गर्दै नागरिकको जीवनचक्रमाथि आधारित सामाजिक सुरक्षाको अवधारणा विकास । स्वास्थ्य बीमा, योगदानमाथि आधारित सामाजिक सुरक्षालगायत महत्वपूर्ण कामहरूको थालनी ।

— महामारी र प्राकृतिक विपत्तिका विरूद्ध हाम्रो सरकारले खेलेको प्रभावकारी भूमिका,

— भूकम्पपछिको पुनर्निर्माणमा सरकारले हासिल गरेको असाधारण सफलता,

— सिके राउत समूह र विप्लव समूहसँग वार्ता, पृथकतावादको अन्त्य र हिंसाको शान्तिपूर्ण अवतरणजस्ता राजनीतिक समस्याको समाधानमा ठूलो सफलता, आदि ।

निर्वाचनको तयारीका लागि देहायका विषयमा केन्द्रित रहनुपर्छ -

क) पार्टी केन्द्रीय कमिटीका तर्फबाट वर्तमान राजनीतिक परिस्थिति, पार्टीका मुख्य नीतिहरू, आगामी कार्यदिशा तथा 'समृद्ध नेपाल, सुखी नेपाली'को आकाङ्क्षा पूरा गर्न राष्ट्रियस्तरमा भएका काम र स्थानीय विकास तथा समृद्धिसम्बन्धी हाम्रो परिकल्पना, कार्यक्रम र मार्गचित्र समेटेर घोषणा-पत्र सार्वजनिक गर्ने । यो काम पार्टी स्थापना

दिवस ( २०७९ वैशाख ९ गते ) का दिन गर्ने ।

ख) केन्द्रीय नीतिको मार्गदर्शन र केन्द्रले तयार गरेको ढाँचामाथि आधारित रहेर स्थानीय तहमा हाम्रा उपलब्धी, हामी पराजित भएका ठाउँमा विगतमा हामीले गरेका प्रतिबद्धता र विपक्षीले विजय हासिल गरेका कारण त्यसमा आएको अवरोध समेतलाई समेटेर आगामी लक्ष्य र कार्ययोजनासहितका प्रतिबद्धता-पत्र तयार गर्ने । स्थानीय प्रतिबद्धता-पत्र प्रत्येक पालिकामा आगामी वैशाख ९ गते सार्वजनिक गर्ने ।

ग) शक्ति सन्तुलनको यथार्थ स्थितिको निरन्तर आँकलन गर्ने । मूलतः एक्लै विजय हासिल गर्ने तयारीका साथ अगाडि बढ्ने । (स्थानीय वास्तविकता र आवश्यकता अनुसार तालमेल आवश्यक भएमा सम्बन्धित जिल्ला कमिटीले निर्णय गर्नसक्ने । यसमा प्रदेश कमिटीको जानकारी र सहमति आवश्यक पर्ने ।)

घ) मुख्यतया छ वटा आधार- पार्टी नीति र कार्यक्रमप्रतिको प्रतिबद्धता, निर्वाचित जनप्रतिनिधिहरूको कामको मूल्याङ्कन, लोकप्रियता र विजयको सुनिश्चितता, आन्दोलनमा योगदान र पार्टीप्रतिको निष्ठा, कार्यक्षमता एवं सुशासन र विकासप्रतिको दृष्टिकोण (भिजन) तथा सन्तुलन र समावेशिताको पक्षलाई आधार बनाएर उम्मेदवार चयन गर्ने ।

ङ) महानगर र उपमहानगरका प्रमुख, उपप्रमुखहरूको उम्मेद्वार चयन सम्बन्धित पालिका कमिटी तथा जिल्ला र प्रदेशको सिफारिसमा केन्द्रीय कमिटीले, नगर प्रमुख, उपप्रमुख तथा गाउँपालिका अध्यक्ष, उपाध्यक्षका उम्मेदवारको चयन पालिका कमिटी र जिल्लाको सिफारिसमा प्रदेश कमिटीले तथा सो मातहतका उम्मेद्वारबारे वडा र पालिका कमिटीको सिफारिसमा जिल्लाले निर्णय गर्ने । केन्द्रले आवश्यक ठानेमा कुनै पनि तहको निर्णयमा पुनर्विचार गर्न सक्नेछ ।

च) निर्वाचनसम्म गैरभौगोलिक कार्यक्षेत्र भएका सबै केन्द्रीय सदस्य कमरेडहरू आफूसम्बद्ध जिल्लामा निर्वाचनमा केन्द्रित हुने । प्रदेश कमिटीका सबै सदस्यहरू आफूसम्बद्ध पालिकामा, जिल्ला कमिटीका सदस्यहरू आफूसम्बद्ध वडामा, वडा कमिटीका सबै सदस्यहरू आफूसम्बद्ध टोलमा तथा टोल कमिटीका सदस्यहरू घरधुरी बाँडेर निर्वाचन तयारीको काममा केन्द्रित हुने ।

छ) निर्वाचनका लागि प्रवासमा रहेका पार्टीका कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई स्वदेश फर्केर सहभागी हुन आह्वान गर्ने ।

ज) सम्पर्क कमिटी र सम्पर्क मञ्चमा आबद्ध कमरेडहरू आफ्नो पालिकामा फर्केर निर्वाचनमा केन्द्रित हुने ।

झ) उम्मेद्वार हुनका लागि आवश्यक पर्ने योग्यता र उम्मेद्वार अयोग्य हुनसक्ने कानुनी व्यवस्थाबारे सबै सूचना हासिल गर्ने र तदनुरुप तयारी गर्ने ।

ञ) मतदान केन्द्र, मतदाता, मतपेटिका र मतको सुरक्षाका लागि आवश्यक सम्पूर्ण व्यवस्था गर्ने ।

ट) निर्वाचन परिचालनका लागि पालिका र वडास्तरमा तत्काल निर्वाचन परिचालन तथा प्रचार कार्यालय स्थापना गर्ने ।

**६. गठबन्धन सरकारका ८ महिना र सिर्जित सङ्कट**

जनादेशलाई विस्थापित गरेर गठबन्धन सरकार गठन भएको आठ महिना बितेको छ । यो अवधिमा मुलुकको संविधान, लोकतन्त्र, अर्थव्यवस्था, दलहरूबीचको अन्तरसम्बन्ध र राजनीतिक संस्कृति, सामाजिक प्रबन्धहरू, बाह्य सम्बन्ध र सुशासनको क्षेत्रलगायत राज्यका हरेक अङ्गमा समस्या, विकृति र सङ्कट सघन बनेको छ । सारमा, यो अवधि देश र जनताका हिसाबले प्रत्येक कोणबाट अधोगतिको अवधि रहेको छ ।

**क) संविधान र लोकतन्त्रको मानमर्दन**

जनताबाट, जनताका लागि र जनताको सरकार भन्ने लोकतन्त्रका विश्वव्यापी मान्यतालाई कुल्चँदै अदालतबाट सरकार गठन हुने गलत नजीर बसेसँगै यस सरकारको जवाफदेहिता पनि जनताप्रति होइन, अन्य शक्ति केन्द्रतिर फर्केको छ । सत्ताधारीहरूका स्वार्थका लागि अदालतको दुरूपयोगको यो शृङ्खला निरन्तर अघि बढिरहेको छ । यसैको सहउत्पादनका रूपमा अदालतमा लामो समय हडताल चल्ने, न्याय खोजिरहेका पीडितहरूको न्यायको अधिकारमाथि अवरोध खडा हुने र स्वतन्त्र न्यायपालिकाको मर्ममाथि नै निर्मम प्रहार हुने स्थिति बनेको छ । यसैको पछिल्लो कडीका रूपमा, सत्ता गठबन्धनले प्रधान न्यायाधीशविरूद्ध महाअभियोगको प्रस्ताव दर्ता गरेको छ । आफ्ना स्वार्थका लागि न्यायपालिकाका पदाधिकारीहरूलाई हदैसम्म प्रयोग गर्ने र उपयोगिता मूल्य सकिएपछि महाअभियोगको प्रस्तावमार्फत् मानमर्दन, अपमान र आक्रमण गर्ने सत्ताधारीहरूको यो तरिका अनैतिक र दूषित मनशायले युक्त छ । महाअभियोग प्रस्ताव पारित हुन चाहिने दुईतिहाई सङ्ख्या आफूहरूसँग छैन भन्ने जान्दाजान्दै पनि प्रस्ताव दर्ता गर्नुको मक्सद प्रधानन्यायाधीशलाई निलम्बन गर्नु, आफू अनुकूलको सेटिङ खडा गर्नु र न्यायालयको भयदोहन गर्दै आफूहरू विरूद्धका सङ्गीन मुद्दाहरूबाट ध्यान विकेन्द्रित गर्नु या तिनमा न्यायपूर्ण फैसला हुन नदिन अदालतमाथि दबाब सिर्जना गर्नु हो । तसर्थ यो महाअभियोग दूषित मनशायले अगाडि सारिएको हो । विगतमा तत्कालीन प्रधान न्यायाधीश सुशीला कार्कीमाथि पनि यसैगरी र यस्तै नियतले महाअभियोग प्रस्ताव दर्ता गरिएको थियो । महाअभियोग प्रस्तावमाथि छलफल गर्ने र सम्बन्धित समितिमा पठाउने भनेर कार्यसूची तोकिएको चैत २ को अघिल्लो दिन नै

संसदको अधिवेशन अन्त्य गरेर सत्ताधारी गठबन्धनले संविधान र कानुनले दिएका केही संवेदनशील प्रबन्धहरूको कुन हदसम्म दुरूपयोग गर्नसक्छ भन्ने स्पष्ट पारेको छ ।

**ख) संसदलाई बेकम्मा साबित गर्ने दुराशय**

२०७८ साउन २५ गतेको निर्णयबाट १४ जना सांसदहरू माथि हाम्रो पार्टीबाट गरिएको कारबाहीको सूचना भदौ १ गते नै सभामुखसमक्ष पुगेको थियो । तर नेकपा (एमाले) लाई विभाजन गरिछाड्ने दुराशयका साथ, विगतमा आफैले स्थापित गरेको नजिरको समेत बर्खिलाफ गएर, दोहोरो मापदण्ड अपनाउँदै सभामुखबाट उक्त सूचना प्रकाशन गर्न अस्वीकार गरियो । यसै जगमा टेकेर निर्वाचन आयोगले एमालेबाट अलग भएर निस्किएको समूहलाई नयाँ दलका रूपमा दर्ता गऱ्यो । सभामुखको यस्तै विभेदकारी, असंवैधानिक र असंसदीय भूमिकाको विरोधमा नेकपा (एमाले) संसदीय दलको निर्णय अनुसार गएको भदौ २३ गतेदेखि हाम्रो पार्टीका सांसदहरूले 'वेल' घेराउ गरेर विरोध गरिरहनुभएको छ । तर सदनको प्रतिपक्षी मात्रै नभएर मुलुककै सबैभन्दा ठूलो दलले अगाडि सारेको यति संवेदनशील, संवैधानिक र लोकतन्त्रसँग जोडिएको प्रश्नमा गम्भीर ढङ्गले छलफल गर्नु र समाधानको पहल गर्नुको साटो सत्ता गठबन्धन एकातिर बजेट र एमसीसीजस्ता गम्भीर विषयहरू नाराबाजीकै बीचमा पनि पारित गर्ने, अर्कातिर सदन सहज ढङ्गले चल्न नसकेको विषयमा नेकपा (एमाले)लाई दोषारोपित गर्ने धृष्टता गरिरहेको छ । एकजना सांसद उभिँदा पनि अवरोध भएको ठानेर सदन स्थगित गरी वार्ताबाट समाधान खोज्ने विगतको नजिर विपरीत सत्ता गठबन्धन अलोकतान्त्रिक र असंसदीय अभ्यास गरिरहेको छ ।

हाम्रो पार्टी स्पष्ट छ– प्रतिनिधिसभा पुनर्स्थापना गर्ने २०७८ असार २८ को परमादेशप्रति गम्भीर असहमतिका बाबजुद हामी सदनलाई नियमित सञ्चालन र प्रभावकारी बनाउन चाहन्छौं । र, त्यसैगरी प्रस्तुत पनि भइरहेका थियौं । तर यसका लागि या त १४ जना सांसदहरूको कारबाहीको सूचना सभामुखले टाँस गर्नुपर्छ या निजले पदबाट राजीनामा दिनुपर्छ ।

**ग) निषेध, ध्रुवीकरण र घृणाको राजनीति**

नेपालको संविधान कार्यान्वयनको आरम्भिक चरणमै रहेको, सङ्घीयताको संस्थागत विकास भइनसकेको, आन्दोलनले ल्याएका उपलब्धीहरू अपरिवर्त्य रूपमा खँदिलो, सुदृढ र अप्रतिरोध्य भइनसकेको वर्तमान अवस्थामा मुलुकका मुख्य दलहरूका बीचमा नियमित संवाद, परामर्श र आधारभूत कुरामा समझदारी हुनुपर्छ भन्ने हाम्रो पार्टीको मान्यता रहेको छ । यसै मान्यतामाथि आधारित रहेर विगतमा हामीले सरकारमा रहँदा प्रतिपक्षलगायत सबै दलसँग नियमित परामर्श गरेका थियौं । कोभिड महामारी, प्राकृतिक विपत्ति, नयाँ नक्सा प्रकाशन, संविधान संशोधन र मुलुकको परराष्ट्र नीति तथा बाह्य

सम्बन्धजस्ता मूलभूत प्रश्नमा राष्ट्रिय सहमति निर्माण गरेका थियौं ।

तर जनादेशलाई निषेध गर्दै बनेको वर्तमान सरकार र गठबन्धनका नेताहरू उल्टो बाटो हिंडिरहेका छन् । मुलुकलाई सहमति र समझदारीतिर होइन, द्वन्द्व र ध्रुवीकरणतिर धकेलिरहेका छन् । प्रतिपक्षलाई 'समाप्त गर्ने', 'धुलोपिठो पार्ने', 'बदला लिने' जस्ता सत्तारूढ नेताहरूका अलोकतान्त्रिक अभिव्यक्तिहरूले उनीहरूमा न्यूनतम लोकतान्त्रिक आचरण समेत नभएको स्पष्ट पारेको छ र उनीहरू सामाजिक फासिवादतिर अग्रसर हुँदै गरेको सङ्केत गरेको छ । सत्ताले प्रतिपक्षका विरूद्ध गठबन्धन गर्ने, धम्कीको भाषा प्रयोग गर्ने र हिंसालाई दुरूत्साहन गर्ने कुरा लोकतन्त्रमा अपेक्षा गरिँदैन ।

### घ) सङ्कटग्रस्त अर्थतन्त्र, नीतिगत सेटिङ र अनियमितता

दुई-दुईवटा कोरोना महामारीको लहर सामना गरेर पनि हामीले सरकार छाड्ने बेलामा मुलुकका सबै आर्थिक सूचकलाई सामान्य र स्वस्थ अवस्थामा छाडेका थियौं । झण्डै ११ महिनालाई पुग्ने विदेशी मुद्रा सञ्चित थियो । भुक्तानी सन्तुलन १ खर्बभन्दा बढी नाफामा थियो । व्यापार घाटा घट्ने क्रममा थियो । मुद्रा स्फीति ४ प्रतिशतभन्दा कममा थियो र महामारी पीडित उद्यमी व्यवसायीहरूलाई राहतका विभिन्न प्याकेज अगाडि सारिएको थियो ।

तर सरकार परिवर्तनपछिको आठ महिनाको अवधिमा मुलुकको अर्थतन्त्र इतिहासकै गम्भीर सङ्कटतिर धकेलिएको छ । वर्तमान सरकार गठन हुनुपूर्व २.९ प्रतिशतमा सीमित उपभोक्ता मुद्रास्फीति नयाँ सरकार गठन भएको ७ महिनामै ७.११ प्रतिशत पुगेको छ । सर्वसाधारणको दैनिक जीवनसँग सम्बन्धित घ्यू, तेलमा मूल्यबृद्धि २१ प्रतिशत पुगेको छ । तरकारी, दाल र गेडागुडीको मूल्य पनि यसैगरी बढेको छ । सिमेन्ट, छड आदिको मूल्यबृद्धिले पूर्वाधार निर्माणमा समस्या सिर्जना भएको छ । पुँजीगत खर्चको अवस्था अत्यन्त चिन्ताजनक छ । ८ महिनाको अवधि (फागुन २६ गते) सम्मको पुँजीगत खर्च १९.७५ प्रतिशत मात्र छ । चालु खाता घाटा बढेर ४ खर्ब १३.८६ करोड पुगेको छ । पूर्ववर्ती सरकारले १ अर्ब २३ करोड बचतमा छाडेको शोधनान्तर स्थिति ७ महिनाको अवधिमा २ खर्ब ४७ अर्ब घाटामा पुगेको छ । व्यापार घाटा निरन्तर बढिरहेको छ । विदेशी मुद्रा सञ्चिति ६ महिनाको हाराहारीका लागि मात्रै पुग्ने गरी भयावह ढङ्गले घटेको छ । विप्रेषण आप्रवाहमा ४.९ प्रतिशतले कमी आएको छ । तरलताको अभावले व्यवसायीहरूले ब्याङ्कबाट कर्जा प्राप्त गर्न सकेका छन् । ब्याङ्कहरूको ब्याजदर बढेर १४ प्रतिशतसम्म पुगेको छ । यसले व्यवसाय विस्तार गर्न चाहने या नयाँ सुरूवात गर्न चाहने उद्यमी व्यवसायीहरूलाई ठूलो मर्का परेको छ ।

यो सरकारले नीतिगत सेटिङ गर्दै कतिपय वस्तु र सेवाको भन्सार र कर बढाएको छ । तस्करी व्यापारलाई प्रवर्द्धन गर्ने गरी सुपारी, केराउ, मरिच र छोकराको आयात खुलाएको छ । हुण्डी कारोबार फस्टाएको छ र पुँजी पलायन तीव्र बनेको आशङ्का

छ । सत्तानिकट व्यवसायीहरूलाई लाभ हुनेगरी सार्वजनिक खरिद नियमावलीमा एघारौं संशोधन गरिएको छ भने आफूनिकट कार्यकर्तालाई अनुचित लाभ पुऱ्याउन उपभोक्तामार्फत् गरिने कामको थ्रेसहोल्ड बढाइएको छ ।

पूर्ववर्ती सरकारले वार्षिक कार्यक्रममा राखेका १४ सयभन्दा बढी सडकलगायत विभिन्न कार्यक्रम कटौती गरेर, प्रत्येक पालिकामा बनाउने आधारभूत अस्पतालको समेत बजेट कटौती गरेर वर्तमान सरकारले आफ्नो विकासविरोधी चेहरा उदाङ्गो बनाएको छ । जहाँ पूर्ववर्ती सरकारको कार्यकालमा विकास निर्माण र समृद्धिलाई मुख्य राष्ट्रिय एजेण्डा बनाएर प्रत्येक दिनजसो नयाँ कार्यक्रमको शिलान्यास या उद्घाटन गरिएको हुन्थ्यो, आठ महिनाको अवधिमा एउटा पनि नयाँ कार्यक्रमको घोषणा, सुरूवात वा उद्घाटन नहुनुले सरकारको विकासप्रतिको उदासीनता छर्लङ्ग हुन्छ ।

यस सरकारको कार्यकालमा २४ लाखभन्दा बढी मात्रा खोप गायब पारिएको छ । जनस्वास्थ्यसँग सम्बन्धित यति संवेदनशील विषयमा न कसैलाई अभियुक्त बनाइएको छ, न यसको गम्भीर छानविन नै भएको छ । जनस्वास्थ्यप्रतिको संवेदनहीनता, जनताले तिरेको करको खेलवाड र दण्डहीनतालाई संस्थागत गर्ने सरकारको चरित्रलाई यस घटनाले स्पष्ट पारेको छ ।

उपभोक्तामाथिको मार बढेको बढ्यै छ । राहदानी, राष्ट्रिय परिचय-पत्र, चालक अनुमति-पत्रलगायत सेवा लिन चाहनेहरूले हदैसम्म सास्ती व्यहोरिरहेका छन् । गत वर्षको बाढी पहिरो पीडितहरू, गत असोज अन्त्य र कार्तिक सुरूमा परेको बेमौसमी बर्खाका कारण घर खेत र धानवाली गुमाएका पीडितहरू र कोभिडका कारण पेशा गुमाएका नागरिकहरूले राहत पाइरहेका छैनन् ।

'नीतिगत सेटिङ'कै रूपमा निश्चित स्वार्थका लागि दूरसञ्चारको इजाजतपत्र वितरण गर्ने दुष्प्रयाश जारी छ । सरकारका मन्त्री र सत्ता गठबन्धनका नेताहरू एकातिर स्टण्टबाजीमा व्यस्त छन् भने अर्कातिर दोहन र दुरूपयोगमा । सङ्घीयतामाथि उठेका प्रश्नलाई व्यवहारबाटै सम्बोधन गर्ने र सङ्घीयताको औचित्य पुष्टि गर्न यसलाई मितव्ययी, छरितो र परिणाममुखी बनाउनुपर्नेमा साधन-स्रोतको चरम दुरूपयोग गर्दै 'झ्याल झ्यालमा मन्त्रालय' जस्ता विकृति निम्त्याइरहेको छ ।

अर्थतन्त्रको यस सङ्कटग्रस्त तस्बिरले निजी क्षेत्र निरूत्साहित छ, दातृराष्ट्र र निकायहरू निराश छन् र जनतामा असन्तुष्टि एवं आक्रोश बढ्दो छ ।

**ङ) राष्ट्रिय हितप्रतिको बेवास्ता र बाह्य सम्बन्धमा असन्तुलन**

गठन हुनुपूर्व नै कसैका लागि 'कम्फर्टेबल' बन्ने बाचा गरेको गठबन्धन सरकारको कार्यकालमा राष्ट्रिय हितप्रति गम्भीर बेवास्ता गरिएको छ भने बाह्य सम्बन्धमा सन्तुलन

खलबल्याउने काम भएको छ । लिपुलेक, लिम्पियाधुरा र कालापानीलगायत भूभागमा नेपालको प्रशासनिक उपस्थिति र स्वामित्व स्थापित गर्ने गम्भीर कुटनीतिक पहल गर्नुको साटो सरकार कतिपय सरकारी दस्ताबेजमा नेपालको नयाँ नक्सा नै गायब पारिरहेको छ । जयसिंह धामी वेपत्ता प्रसङ्गमा मौनता, दार्चुलामा भारतबाट भइरहेको महाकालीको धार परिवर्तन गर्ने कामप्रति प्रतिक्रियाविहीन अवस्था र अन्य कतिपय संवेदनशील मुद्दामा सरकारको लापरबाहीलाई हेर्दा यसलाई संयोग या प्राविधिक त्रुटि मात्रै भन्न सकिने स्थिति छैन । भारतसँग साझेदारीका कैयौं विकास परियोजना अगाडि बढाउन सार्थक काम गरिरहेको छैन ।

अर्कातिर चीनसँग बिआरआई परियोजना अगाडि बढाउन सरकारले कुनै पहल गरिरहेको छैन । सुल्झिइसकेको सीमा विवाद झिक्ने, लामो समय राजदूत रिक्त राख्नेजस्ता कामहरूले छिमेक सम्बन्धमा सन्तुलन खल्बल्याउने काम भइरहेको छ ।

## ७. एमसीसी अनुमोदन र विभिन्न दलको दोहोरो चरित्र

अमेरिकी सहयोग निकाय मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)सँगको अनुदानसम्बन्धी सम्झौता प्रतिनिधिसभाको २०७८ फागुन १५ गतेको बैठकबाट अनुमोदन भएको छ । संसद्को सबैभन्दा ठूलो दल- नेकपा (एमाले)लाई वेलमा राखेर अवरोधका बीच यस्तो संवेदनशील निर्णय गरिएको छ । यसक्रममा माओवादी- केन्द्र र माधव नेपाल गुटको अवसरवाद, सत्तालिप्सा र मुलुकप्रतिको खेलवाड उदाङ्गो भएको छ ।

यस विषयमा पार्टीले २०७८ फागुन १७ मा पत्रकार सम्मेलन आयोजना गरेर आफ्ना दृष्टिकोण स्पष्ट पारेको थियो । यससम्बन्धी मुख्य विषयहरूलाई कमरेडहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

— एमसीसी सम्झौता अहिलेका सत्ता गठबन्धनमा रहेका दलहरूले गरेका थिए । यसलाई विवादास्पद पनि तिनै गठबन्धनका नेताहरूले बनाएका छन् ।
— सरकार राज्यका तर्फबाट अधिकारप्राप्त अबिच्छिन्न उत्तराधिकारवाला संस्था हो । एउटा सरकारले दातृराष्ट्र या निकायसँग गरेको सहमति वा सम्झौता अर्को सरकारले उपयुक्त कारण र प्रक्रियाबिनै रद्द गर्ने हो भने त्यस्ता राष्ट्रप्रति विश्वासको सङ्कट उत्पन्न हुन्छ । तसर्थ, राज्यका निकायहरूले विमर्श गरी, हाम्रो राष्ट्रिय आवश्यकता पूरा गर्न अनुरोध गरिएका, सम्झौता गरिएका परियोजनाहरूलाई जुन सरकारको नेतृत्वमा सुरू भएको भए पनि उत्तराधिकारी सरकारले निरन्तरता दिनुपर्ने सामान्य विधिप्रति जिम्मेवार रहेर हामीले यसलाई संसदसमक्ष प्रस्तुत गर्ने निर्णय गरेका थियौं ।
— एमसीसीसम्बन्धी विवाद तत्कालीन नेकपाका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीलाई पदच्यूत गर्ने लक्ष्यसहित विकृत रूपमा सुरू गरिएको थियो । गलत मनशायमा आधारित त्यस 'अभियान'ले झण्डै तीन वर्षदेखि नेपाली जनमानसलाई अनावश्यक

ढङ्गले गिजोल्यो, विभाजित गर्‍यो । यसले नेपाल राष्ट्रको सामर्थ्यलाई उपेक्षा गर्‍यो र नेपाली स्वाभिमानको समेत तेजोबध गर्‍यो । मुलुकलाई माया गर्ने र विकास तथा समृद्धिको सपना बोकेका नेताप्रति द्वेष बढायो र समाजलाई विभाजित गर्‍यो ।

— आफैले सम्झौता गर्ने र त्यसलाई उपलब्धीका रूपमा प्रचार गर्ने । आफैले त्यसमा विवाद गर्ने र क्षुद्र स्वार्थका लागि त्यसलाई हतियार बनाउने । सम्झौता पारित गर्न चार-पाँच महिनाको समय मागेर अमेरिकासँग गोप्य पत्राचार गर्ने, तर पत्र लेखिएकै छैन भनेर जनतालाई ढाँट्ने । सम्झौता राष्ट्रघाती छ भन्दै जनता भड्काउने, विषाक्त प्रचारबाजी गर्ने, कार्यकर्तालाई सडकमा उतार्ने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने र प्रहरीसँग भीडन्त गर्न लगाउने । केही समय अघिसम्म सत्ता छोड्ने तर सहमति नगर्ने धम्की दिने, तर त्यस्तो धम्कीको २४ घण्टा नबित्दै आफ्नो स्वार्थअनुकूल सत्ताको लेनदेन गर्ने । त्यसपछि गठबन्धन ढले आफू पनि ढल्ने र आफ्ना हितैषीहरूको पनि पद जाने भएकोले सम्झौतालाई समर्थन गर्नुको विकल्प नरहेको स्पष्टीकरण दिने । अर्थात् उनीहरूको परिभाषामा पद जोगिनु क्रान्ति, पद जानु प्रतिक्रान्ति । यी सबै रङ्गीविरङ्गी हरकतको सार एउटै थियो- नेकपा (एमाले)लाई कमजोर पार्ने र सत्ता टिकाउने । राष्ट्रिय हितको वास्ता नगरी आफ्नै क्षुद्र र निजी स्वार्थ पूरा गर्न खोज्ने गठबन्धनका नेताहरूको यस्ता बोली र व्यवहारले रहेको अवसरवाद र अविश्वसनीयता समेत उदाङ्गो भएको छ ।

— गठबन्धनका केही दलहरूका कारण द्विपक्षीय विषय भूराजनीतिक विषय बन्न पुग्यो । कुनै परियोजनाको विषयलाई लिएर शक्ति राष्ट्रहरू सार्वजनिक बहस, आरोप-प्रत्यारोप र विवादमा उत्रिनु नेपालजस्तो देशका लागि निकै गम्भीर र चिन्ताजनक विषय हो ।

— एमसीसी पारित भएसँगै निहीत स्वार्थसहित चालिएका चाल, फिजाइएको भ्रम र चलाइएको प्रचारबाजीको पटाक्षेप भएको छ । यसक्रममा द्विपक्षीय वा बहुपक्षीय प्रत्यक्ष लगानी, ऋण वा अनुदान सहायता प्राप्त हुने प्रक्रिया, प्रस्तावको तयारी र त्यसमा प्रयोग हुने भाषा तथा कार्यान्वयन प्रतिबद्धताजस्ता कैयौँ विषयमा सत्ता-गठबन्धनका केही नेताहरूमा रहेको अज्ञानता वा गैरजिम्मेवारपन प्रकट भएको छ ।

— केही अघि हाम्रो नेतृत्वमा सरकार रहेको बेलामा नयाँ नक्सालाई संविधानको अनुसूचीमा समेट्न संविधान संशोधन गर्ने जस्तो संवेदनशील विषयमा संसद्लाई एक बनाई राष्ट्रिय एकता प्रदर्शन गरिएको घटनालाई हामी स्मरण गरिरहेका छौँ । यस सन्दर्भमा राष्ट्रिय महत्वको मुद्दामा सबै दलहरूलाई एक ठाउँमा उभ्याउने दायित्वबाट स्वयम् प्रधानमन्त्रीसमेत विमुख हुन पुग्नुभएको छ ।

— प्रतिनिधिसभाको बैठकमा प्रस्तुत 'व्याख्यात्मक घोषणा'लाई लिएर सत्ता गठबन्धनका नेताहरू भ्रमको खेती गर्नमा सक्रिय छन् । दुई सरकारबीच भएको सम्झौता, सहमतिको झन्डै आधा दशकपछि एकतर्फी व्याख्याद्वारा संशोधन हुन्छ भन्नु जनतालाई ढाँट्ने दुष्प्रयास हो । ....यस सम्बन्धमा एमसीसी आफैँले वक्तव्य दिएर यस्ता कथित घोषणाले सम्झौतामा कुनै फरक नपार्ने कुरा स्पष्ट पारिसकेको छ । तर, अझै पनि केही नेताहरू 'व्याख्यात्मक घोषणा'मार्फत् एमसीसीका गलत प्रावधानलाई सच्याइएको र यसलाई दुरूस्त पारिएको भनेर जनतालाई दिग्भ्रमित पार्न खोजिरहेका छन् ।

— 'समृद्ध नेपाल, सुखी नेपाली'को हाम्रो राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हामीलाई द्विपक्षीय होस् वा बहुपक्षीय व्यापक मात्रामा वैदेशिक सहायताको आवश्यकता छ । हामी हाम्रो राष्ट्रिय हित र स्वाभिमानविपरीत कुनै पनि अनुचित शर्तसहित आउने लगानी होस् वा सहायता केही पनि स्वीकार्दैनौं । हामी हाम्रो आवश्यकता र प्राथमिकता एवम् उचित आधारमा आउने बाह्य ऋण, लगानी वा सहायता स्वीकार्छौं । ....सार्वभौम समानताको आधारमा कुनै पनि मित्रराष्ट्र र हितैषी दातृसंस्थासँग सहायता परियोजना लिने वा नलिने निर्णय गर्न हामी स्वतन्त्र तथा सक्षम छौँ । विकास सहायता परिचालन गर्दा छिमेकी मित्रराष्ट्रहरूको संवेदनशीलताप्रति हामी सजग रहन्छौँ । हामी सबै मित्रराष्ट्रको सहयोगलाई उत्तिकै महत्व दिन्छौं । सहयोगी कुनै पनि राष्ट्रहरूका चासो तथा संवेदनशीलताप्रति सजग रहन्छौँ ।

— कुनै पनि बाह्य सहायता लिनुपूर्व वा लिने सम्झौता गर्नुपूर्व सबै पक्षहरूमा यथेष्ट ध्यान दिनु आवश्यक छ । सम्झौता गरिसकेपछि कार्यान्वयनतर्फ लाग्नुपर्दछ । यस सम्बन्धमा केही प्रश्न उठेमा स्पष्ट पार्ने दायित्व पनि सरकारकै हुन्छ । अहिले सत्ता गठबन्धनका केही नेताहरूबाट अपारदर्शी ढङ्गले जे-जस्तो सहमति पनि गर्न तयार हुने तर जननिर्वाचित प्रतिनिधिहरूको नजरबाट लुकाउन खोज्नेजस्ता द्वैधचरित्र प्रदर्शन भएको छ ।

— एमसीसी परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन भइसकेको छ । अब राष्ट्रको हित प्रतिकूल नहुने गरी यसको कार्यान्वयन हुनुपर्दछ । पारित भइसकेको परियोजनाका बारेमा राष्ट्रको जनमतलाई थप विभाजित गर्नु हानिकारक हुन्छ ।

## ८. रुस–युक्रेन द्वन्द्व

हालै युक्रेनमाथि भएको रूसको सैनिक हस्तक्षेपप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । युद्धले विश्वभरि एकातिर नै चिन्ता र तनाव बढाएको छ भने यसका कारण इन्धन लगायतमा अप्रत्यासित मूल्यबृद्धिका कारण विश्व अर्थतन्त्रमै नकारात्मक प्रभाव पारेको छ । नेकपा (एमाले) सधैंभरि राष्ट्रहरूको सार्वभौमसत्ता, राष्ट्रियता र भौगोलिक अखण्डताको पक्षमा दृढतापूर्वक उभिन्छ । कुनै पनि बाह्य हस्तक्षेप र युद्धलाई अस्वीकार गर्छ । सबैखाले विवादहरूको वार्ताका माध्यमबाट शान्तिपूर्ण समाधान गरिनुपर्छ भन्ने पार्टीको यही अविचलित नीतिमाथि उभिएर हामी रूस र युक्रेनबीच तत्काल युद्धविराम हुनुपर्ने, मानवीय सहायतामा कुनै अवरोध हुन नहुने र त्यस क्षेत्रमा दिगो शान्ति कायम हुनुपर्ने कुरामा सम्बन्धित सबैको ध्यानाकर्षण गर्दछौं ।

**कमरेडहरु,**

मुलुकको विकासका लागि दूरदृष्टिसहितको बलियो राष्ट्रिय सङ्कल्प चाहिन्छ । त्यो सङ्कल्प पूरा गर्न राष्ट्रिय दृष्टिकोण र अडान भएको बलियो राष्ट्रिय पार्टी चाहिन्छ । त्यस्तो राष्ट्रिय सङ्कल्प भएको पार्टी नेकपा (एमाले) हो, त्यसलाई पूरा गर्न आवश्यक पर्ने राष्ट्रिय दृष्टिकोण र अडान पनि यही पार्टीसँग छ । पृथकतावाद र हिंसात्मक गतिविधिमा सङ्लग्न

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
**Communist Party of Nepal (UML)**
केन्द्रीय कार्यालय / Central Office

समूहहरूलाई त्यस्ता गलत बाटो त्यागेर मूलधारमा समाहित गर्नु, आफ्नो पार्टीको बहुमत हुँदाहुँदै पनि मधेस केन्द्रित दलहरूलाई सरकारमा सम्मिलित गर्दै सहमतिका साथ अगाडि बढ्नु र राष्ट्रिय हित, जनसरोकार र महामारी एवं प्राकृतिक विपत्तिका समयमा सिङ्गो राष्ट्रलाई गोलबन्द गर्ने हाम्रो नेतृत्वदायी क्षमता र फराकिलो सोचले हामी विरूद्ध लगाइएका आरोपलाई स्वतः खण्डित गर्छन् । यतिबेला हामी व्यापक जनतालाई गोलबन्द गर्दै जनस्तरबाटै राष्ट्रिय शक्तिको निर्माण र सुदृढीकरणको अभियानमा छौं । सङ्कीर्ण राजनीतिक स्वार्थका आफ्ना कार्यकर्तालाई बारम्बार दुरूपयोग गर्ने नेतृत्वबाट सचेत रहँदै राष्ट्रिय भावना र सङ्कल्प भएका कार्यकर्ताहरूलाई भ्रममुक्त गरेर बलियो राष्ट्रिय शक्ति निर्माण, राजनीतिक स्थायित्वको सुनिश्चितता र मुलुकको समृद्धिको अभियानमा गोलबन्द गर्न जरूरी छ । यसका लागि हाम्रो ध्यान अवसरवादी र सत्ता स्वार्थमा लिप्त नेतृत्वतिर होइन, निष्ठावान् र इमान्दार कार्यकर्तामा केन्द्रित हुनुपर्छ । हामी विभिन्न पार्टीमा छरिएर रहेका कार्यकर्ताहरूलाई नेताहरूको सत्ता स्वार्थ, उपयोगको नीति र भ्रमबाट मुक्त भएर बलियो राष्ट्रिय शक्ति निर्माणका लागि नेकपा (एमाले)मा गोलबन्द हुन आह्वान गर्दछौं ।

यस बैठक लगत्तै हामी स्थानीय तह निर्वाचनमा सम्पूर्ण रूपले होमिने छौं । जनमतमार्फत् हामी हाम्रा विरूद्धको घेराबन्दी, मोर्चा र षडयन्त्रलाई परास्त गर्नेछौं । यसका लागि सम्पूर्ण कमरेडहरूलाई आ-आफ्नो कार्यक्षेत्रमा सोहीअनुरूप केन्द्रित हुन म आह्वान गर्दछु । पार्टीमा बेला-बेलामा कार्यकर्ताको समुचित मूल्याङ्कन हुन नसकेका गुनासाहरू सुनिन्छन् । यसमा आंशिक सत्यता पनि होला । पार्टीमा मूल्याङ्कन सामान्यतया दुईवटा कुरालाई आधार बनाएर हुन्छ- पहिलो, इतिहासमा व्यक्तिले गरेको योगदान, निजको निष्ठा र त्याग, अनि दोस्रो परिभाषित काम र तोकिएको दायित्व पूरा गर्नसक्ने क्षमता, सक्रियता र त्यसको नतिजा । कमरेडहरूको इतिहास, निष्ठा र त्यागलाई कसैले उपेक्षा गर्न सक्दैन, तर आज हामीलाई परिणाम चाहिएको छ, वर्तमान कार्यभार पूरा गर्नसक्ने सक्रियता, योग्यता र दक्षता चाहिएको छ । कमरेडहरूले यस योग्यतालाई कुशलतापूर्वक पूरा गर्नुहुने छ भन्ने विश्वासका साथ आ-आफ्नो कार्यक्षेत्रमा उत्कृष्ट परिणामका लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

नयाँ उचाइमा सफलता प्राप्त गरेपछि हामी अर्को बैठकमा भेट हुनेछौं ।

हार्दिक अभिवादनसहित,

**केपी शर्मा ओली**
**अध्यक्ष**

**९ चैत, २०७८**

अनुसूची २

## स्थायी कमिटीको पहिलो बैठक (२०७८ चैत १३ बाट पारित समसामयिक प्रस्तावहरु

**प्रस्ताव**

१. निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र भयरहित वातावरणमा सम्पन्न गर्नु निर्वाचन आयोगको संवैधानिक दायित्व हो । यस काममा आवश्यक सहयोग गर्नु, यसका लागि उपयुक्त वातावरण निर्माण गर्नु र निर्वाचनलाई प्रभावित गर्ने कुनै पनि काम कारबाही नहुने कुरा सुनिश्चित गर्नु सरकारको दायित्व हो ।

आगामी २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचनका लागि मिति घोषणा भइसकेको र निर्वाचन तालिकासमेत प्रकाशित भइसकेको सन्दर्भमा भइरहेका केही निर्णय र चालिएका कदमप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । राजनीतिक दलहरूसँग कुनै परामर्श नगरी र बिना कुनै औचित्य निर्वाचन आयोगले मतपत्रको रङ परिवर्तन गर्ने र मनोनयनका लागि दुई दिनको समय दिने निर्णय गरेको छ । यो निर्णय सत्तारूढ दल विशेषलाई अनुकूल हुने गरी गरिएको छ भन्ने स्पष्ट छ । तसर्थ निर्वाचन आयोगको यो निर्णय अनुचित छ । यसलाई तत्काल सच्याउन हाम्रो पार्टी माग गर्दछ ।

निर्वाचनको मिति घोषणा भइसकेपछि सरकारले कर्मचारी र प्रहरी प्रशासनमा अन्धाधुन्ध सरूवा बढुवा गरिरहेको, मतदाता प्रभावित गर्ने उद्देश्यले विभिन्न कानुन र नियमावली परिवर्तन गरिरहेको र निर्वाचनलाई प्रभावित पार्ने विभिन्न निर्णय गरिरहेको प्रति पार्टी गम्भीर आपत्ति प्रकट गर्दछ ।

२. महाकाली नदीको धार नै परिवर्तन गर्ने गरी दार्चुलामा भारतीय पक्षबाट एकतर्फी ढङ्गले गरिरहेको संरचना निर्माणप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको भएको छ । नेपालको राष्ट्रिय हित र भूमिको रक्षासँग जोडिएको यति संवेदनशील विषयमा सरकारको मौनता खेदजनक छ । हाम्रो पार्टी यस विषयमा तत्काल भारतसँग वार्ता गर्न, एकतर्फी संरचना निर्माण कार्य रोक्न र सीमाको रक्षाका लागि गम्भीर बन्न सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ ।

३. आम उपभोक्ताको ढाड सेकिने गरी बढिरहेको महङ्गीलाई नियन्त्रण गर्न सरकार पूर्णरूपमा असफल भएको छ । बजारको प्रभावकारी अनुगमन र आवश्यक हस्तक्षेप गरेर जनतालाई राहत दिन सरकार उदासिन देखिएको छ । भर्खरै भारतलाई सरदर प्रति युनिट ४ रूपैयाँमा विद्युत् बेच्ने निर्णय गरेको सरकारले नेपाललाई प्रति युनिट ३८ रूपैयाँमा खरिद गर्न बाध्य पारेको छ । नेपाललाई आर्थिक रूपमा गम्भीर आघात पुऱ्याउने यस्तो निर्णय गरेर वर्तमान सरकार कति गैरजिम्मेवार, जनविरोधी र अयोग्य छ भन्ने पुष्टि गरेको छ । हाम्रो पार्टी तत्काल मूल्यबृद्धि नियन्त्रण गर्न र मुलुकलाई दीर्घकालीन हानी पुऱ्याउने कुनै पनि गतिविधि नगर्न ध्यानाकर्षण गर्दछ ।